राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नाम:** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९

**दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| १ | मा. रमेश जंग रायमाझी, मा. अनिता देवकोटा, मा. कमला पन्त, मा. प्रकाश पन्थ, मा. युवराज शर्मा | २ | मा. मोहम्मद खालिद |
| ३ | मा. गोपी बहादुर सार्की आछामी | ४ | मा. मृगेन्द्र कुमार सिंह यादव |
| ५ | मा. देवेन्द्र दाहाल, मा. भैरव सुन्दर श्रेष्ठ, मा. दिल कुमारी रावल थापा (पार्वती), मा. विमला घिमिरे, मा. तुलसा कुमारी दाहाल, मा. भगवती न्यौपाने, मा. गोपाल भट्टराई, मा. सुमित्रा वि.सी., मा. इन्दिरा गौतम, मा. कुमार दशौंदी | ६ | मा. शेखर कुमार सिंह |
| ७ | मा. मदन कुमारी शाह, मा. राजेन्द्र लक्ष्मी गैरे, मा. गोमा देवी तिमिल्सीना, मा. सिंग बहादुर विश्वकर्मा | | |

**२) संशोधन प्रस्तावको विवरण** (दफाक्रमानुसार मिलाइएको)

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | २ | | | | निकाशी पैठारी नियन्त्रण ऐन, २०१३ मा थप गर्न प्रस्ताव गरिएको दफा ३क. को उपदफा (२) को खण्ड (ज) मा रहेका "तोकिए बमोजिमका अन्य" भन्ने शब्दहरू झिक्नु पर्ने। |

| क. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| २. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ४ | (२) | | | मालपोत ऐन, २०३४ मा थप गर्न प्रस्ताव गरिएको दफा २६ख. को,<br>• उपदफा (२) मा रहेका "प्रदेश सरकारको" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार वा स्थानीय सरकारको" भन्ने शब्दहरू राख्नु पर्ने।<br>• उपदफा (४) को अन्त्यमा रहेको "हुनेछ" भन्ने शब्दपछि "र त्यस्तो इजाजतपत्र सम्बन्धित स्थानीय तहबाट नविकरण गराउनु पर्नेछ" भन्ने शब्दहरू थप्नु पर्ने । |
| ३. | मा. मृगेन्द्र कुमार सिंह यादव, मा. मोहम्मद खालिद | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५छ. मा संशोधन गरेको प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नं. ४ को उपबुँदा नं. (३) झिकी विधेयकको साविक व्यवस्था कायम गर्नु पर्ने। |
| ४. | मा. गोपी बहादुर सार्की आछामी, मा. मदन कुमारी शाह (गरीमा) लगायतका मा. सदस्यहरू, मा. रमेश जंग रायमाझी लगायतका मा. सदस्यहरू, मा. शेखर कुमार सिंह | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. को,<br>• उपदफा (४) मा रहेका "संवत् २०८० साल असार मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा "यो परिच्छेद प्रारम्भ भए मितिले तीन वर्षभित्र" भन्ने शब्दहरू राख्नु पर्ने।<br>• उपदफा (५) मा रहेका "संवत् २०८१ साल असार मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा "नियमित रूपमा आर्थिक ऐन वा अध्यादेशले तोके बमोजिम रोयल्टी तिरी सञ्चालनमा राखी यो परिच्छेद प्रारम्भ भएको मितिले पाँच वर्षभित्र" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. को,<br>• उपदफा (४) मा रहेका "२०८०" भन्ने अङ्कहरूको सट्टा "२०८१" भन्ने अङ्कहरू राख्नु पर्ने।<br>• उपदफा (५) मा रहेका "२०८१" भन्ने अङ्कहरूको सट्टा "२०८१" भन्ने अङ्कहरू राख्नु पर्ने। |



CS CamScanner

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | • उपदफा (६) मा रहेका "नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रोयल्टी, शुल्क र थप शुल्क तथा बुझाउन बाँकी बक्यौता" भन्ने शब्दहरूको सट्टा "आर्थिक ऐन वा अध्यादेशले तोकेबमोजिम नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रोयल्टी रकम" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ६. | मा. गोपी बहादुर सार्की आछामी, मा. मदन कुमारी शाह (गरीमा) लगायतका मा. सदस्यहरू, मा. रमेश जंग रायमाझी लगायतका मा. सदस्यहरू, मा. शेखर कुमार सिंह | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. को उपदफा (६) मा रहेका "पूरा गरेको नभएमा इजाजतपत्र नविकरण गर्नु अगावै" भन्ने शब्दहरूको सट्टा "प्राप्त गरेको नभएमा यो दफा प्रारम्भ भएको मितिले पाँच वर्षभित्र" भन्ने शब्दहरू राख्नु पर्ने। |
| ७. | मा. मृगेन्द्र कुमार सिंह यादव, मा. मोहम्मद खालिद | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. मा संशोधन गरेको प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नं. ४ को उपबुँदा नं. (५) को खण्ड (ख) ले थप गरेको उपदफा (८) मा रहेका "दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) मा लेखिएको कुनै व्यवस्थाले" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ८. | मा. मृगेन्द्र कुमार सिंह यादव, मा. मोहम्मद खालिद | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. मा संशोधन गरेको प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नं. ४ को उपबुँदा नं. (५) को खण्ड (ख) ले थप गरेको उपदफा (९) झिकी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने। |
| ९. | मा. गोपी बहादुर सार्की आछामी, मा. मदन कुमारी शाह (गरीमा) लगायतका मा. सदस्यहरू, मा. रमेश जंग रायमाझी लगायतका मा. | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ज. मा संशोधन गरेको प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नं. ४ को उपबुँदा नं. (५) को खण्ड (ख) ले थप गरेको,- <br>• उपदफा (९) मा रहेका "कायम गरी दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) बमोजिमको दूरी कायम नगरेको भए यो परिच्छेद प्रारम्भ भएको |



CS CamScanner

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | सदस्यहरू, मा. शेखर कुमार सिंह | | | | | मितिले तीन वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "कायम नगरी दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) बमोजिमको पनि दूरी कायम नगरेको भए यो परिच्छेद प्रारम्भ भएको मितिले पाँच वर्षभित्र" भन्ने शब्दहरू राखु पर्ने।<br>• उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखु पर्नेः-<br>"(१०) यो परिच्छेद प्रारम्भ हुँदाका बखत कुनै सक्षम अदालतको आदेश बमोजिम वा नेपाल सरकारलाई नियमित रोयल्टी तिरी सञ्चालनमा रहेका क्यासिनोले यस परिच्छेदको अधिनमा रही यसै ऐन बमोजिम सञ्चालनको इजाजतपत्र प्राप्त गरेको मानिनेछ।" |
| १०. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ट. को उपदफा (५) मा रहेका "अन्य व्यवस्था तोकिए" भन्ने शब्दहरूको सट्टा "व्यवस्था नियमावलीमा तोके" भन्ने शब्दहरू राखु पर्ने। |
| ११. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ५ | (४) | | | पर्यटन ऐन, २०३५ मा थप गर्न प्रस्ताव गरेको दफा ४५ड. को उपदफा (२) मा रहेका "कर्मचारी वा अन्य सम्बद्ध व्यक्तिलाई" भन्ने शब्दहरूको सट्टा "कर्मचारीलाई" भन्ने शब्द राखु पर्ने र सोही दफाको ठाउँ-ठाउँमा रहेका "अन्य सम्बद्ध व्यक्ति" भन्ने शब्दहरू झिकी भाषा मिलाउनु पर्ने। |
| १२. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ७ | (१) | | | नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५ को उपदफा (१) मा थप गर्न प्रस्ताव गरिएको,-<br>• खण्ड (च१) मा रहेको "सम्बन्धमा" भन्ने शब्दपछि "यस बैङ्क अन्तर्गत स्थापना भएको दोस्रो तहको नियामक निकाय (STI) मार्फत" भन्ने शब्दहरू थप्नु पर्ने।<br>• खण्ड (च२) मा रहेका "प्रयोग गरी" भन्ने शब्दहरूपछि "यस बैङ्क अन्तर्गत स्थापना भएको दोस्रो तहको नियामक निकाय (STI) मार्फत" भन्ने शब्दहरू थप्नु पर्ने। |

| क्र. सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १३. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १० | (१) | | | मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) मा थप गर्न प्रस्ताव गरिएको खण्ड (ग) पछि देहायको खण्ड (घ) थप्नु पर्नेः-<br>"(घ) आर्थिक प्रलोभनमा पारी देशभित्र वा बाहिर मानव बेचविखन गर्ने उद्देश्यले कुनै कार्य गरेमा।" |
| १४. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | ११ | (३०) | | | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को सट्टामा प्रस्तावित दफा २८ को,-<br>• उपदफा (१) मा रहेका "दान, दातव्य," भन्ने शब्दहरू हटाउनु पर्ने ।<br>• उपदफा (२) मा रहेका "दान, दातव्य," भन्ने शब्दहरू हटाउनु पर्ने ।<br>• उपदफा (६), (७), (८) र (९) हटाई त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने। |
| १५. | मा. देवेन्द्र दाहाल लगायतका मा. सदस्यहरू | १७ | (१) | | | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन गरेको उपदफा (१) पछि देहायको उपदफा (२) राखी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्नेः-<br>"(२) अनुसूची १ को प्रकरण १ अन्तर्गत "भाग २ को" खण्डमा रहेको क्रम संख्या (६) पछि देहायको क्रम संख्या (६क) थपिएको छः-<br>"(६क) परिच्छेद ७क"" |

**क्र.सं. १ देखि १५ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।**

मितिः २०८०।११।०६

... ... ... ... ... ... ... ...
**(गणेश प्रसाद तिमिल्सिना)**
अध्यक्ष, राष्ट्रिय सभा



CS CamScanner